# हितग्राही खाता (Demat Account) को
# वार्षिक नविकरण शुल्क बुझाउने बारे अत्यन्त जरुरी सूचना

यस मुक्तिनाथ क्यापिटल, मुक्तिनाथ विकास बैंक लिमिटेड र लुम्बिनी विकास बैंक लिमिटेडका शाखा कार्यालयहरु मार्फत हितग्राही खाता खोली आफ्नो धितोपत्रको कारोबार गरिरहनु भएका सम्पूर्ण हितग्राही खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम **आर्थिक वर्ष २०७९/२०८०** सम्म खाता खोल्नु भएका/हुने सम्पूर्ण हितग्राहीहरुले प्रत्येक आ.व.को वार्षिक संचालन शुल्क वापत बुझाउनुपर्ने **रकम रु. १००/-(अक्षेरेपी एक सय मात्र)**को दरले बुझाउन बाँकी रहेमा यही **मिति २०८० आषाढ मसान्त** भित्र यस क्यापिटल वा मुक्तिनाथ विकास बैंक लिमिटेड वा लुम्बिनी विकास बैंक लिमिटेड मध्ये आफूलाई पायक पर्ने नजिकको शाखा कार्यलयहरुमा सम्पर्क राखि भुक्तानी गर्नुहुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

**पुनश्च :**

१. **MEROSHARE** प्रयोगकर्ताहरुले आ-आफ्नो प्रोफाईलमा गई विभिन्न विद्युत्तीय भुक्तानी माध्यमहरु जस्तै: **E-Sewa, KHALTI, Connect IPS, IME Pay र Prabhu Pay** मार्फत सोझै शुल्क बुझाउन मिल्ने हुँदा उक्त माध्यमहरुबाट भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ । साथै, हालसम्म पनि मेरोशेयर सेवा सुचार नगर्नु भएका हितग्राहीहरुले यस मुक्तिनाथ क्यापिटल लिमिटेड वा मुक्तिनाथ विकास बैंक लिमिटेड वा लुम्बिनी विकास बैंक लिमिटेड मध्ये आफूलाई पायक पर्ने नजिकको शाखा कार्यालयहरुमा सम्पर्क गरी **MEROSHARE** सेवा सुचारु गर्न सकिने समेत जानकारी गरिन्छ ।

२. वार्षिक शुल्क वापत यस कम्पनीको बैंक खातामा शुल्क जम्मा गर्दा हितग्राही खातावालाको नाम, थर, हितग्राही खाता नम्बर तथा कुन आर्थिक वर्ष अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । उक्त विवरण फरक परेमा सोको जिम्मेवार हितग्राही स्वयंम हुनेछ । हितग्राही खातावालाहरुले आफ्नो बुझाउन बाँकी रहेको बक्यौताको जानकारी प्राप्त गर्न यस कम्पनीको वेवसाइट https://demat.muktinathcapital.com/Renewhistory/searchमा गई बाँकी बक्यौताको विवरण प्राप्त गर्न सकिने व्यहोरा पनि जानकारी गरिन्छ ।

३. मुक्तिनाथ विकास बैंकमा खाता रहेका हितग्राहीहरुको भुक्तानी आदेश (Debit Instruction) दर्ता गरिएको हितग्राहीहरुको सोहि खाताबाट वार्षिक शुल्क कट्टा गरि हितग्राही खाता नविकरण गरिने समेत यसै सूचना मार्फत सम्पूर्णमा जानकारी गरिन्छ ।

४. आ.व. २०७९/८० सम्मको बुझाउन बाँकी वार्षिक शुल्क तोकिएको मितिसम्म नबुझाएको अवस्थामा उक्त शुल्क भुक्तानी नगरेसम्मका लागि हितग्राही खाता स्वत: रोक्का (Freeze) भएर रहने व्यहोरा समेत जानकारी गराइन्छ ।

साथै, रु १,९९९/- भुक्तानी गरी यस क्यापिटलबाट संचालित आजीवन डिम्याट र मेरोशेयर खाता सुविधा लिई वार्षिक नविकरण झन्झटबाट मुक्त हुन सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।


**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय: नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेल: info@muktinathcapital.com
वेवसाइट: www.muktinathcapital.com